मितिः २०८३।०२।१२ गते

समयः

बैठक सङ्ख्या : ८३

नगर कार्यपालिकाका नगरप्रमुख श्री भुपेन्द्रकुमार लावती ज्यूको अध्यक्षता र देहायको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बस्यो।

उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भूपेन्द्र कुमार लावती | नगर प्रमुख/अध्यक्ष | |
| २ | श्री कृष्ण कुमारी निरौला | उपप्रमुख | |
| ३ | श्री बिष्णुकुमार मगर | वडाध्यक्ष वडा नं. १ | |
| ४ | श्री तेजप्रसाद तिम्सिना | वडाध्यक्ष वडा नं. २ | |
| ५ | श्री डम्बर बहादुर राई | वडाध्यक्ष वडा नं. ३ | |
| ६ | श्री रामकुमार श्रेष्ठ | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | श्री भुमबहादुर सुर्य मगर | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | श्री जंगवीर तामाङ | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | श्री खगेन्द्रबहादुर लिम्बू | वडाध्यक्ष वडा नं. ७ | |
| १० | श्री भिमप्रसाद पोखेल | वडाध्यक्ष वडा नं. ८ | |
| ११ | श्री नन्दप्रसाद खतिवडा | वडाध्यक्ष वडा नं. ९ | |
| १२ | श्री अमिता राई | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १३ | श्री चम्पा थापा मगर | कार्यपालिका सदस्य | |
| १४ | श्री शोभा बोहरा | कार्यपालिका सदस्य | |
| १५ | श्री पुरणमाया राई | कार्यपालिका सदस्य | पुरणमाया |
| १६ | श्री गीता मगर | कार्यपालिका सदस्य | |
| १७ | श्री ओमप्रकाश वि.क. | कार्यपालिका सदस्य | |
| १८ | श्री गंगामाया विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १९ | श्री माया नेपाली दर्जी | कार्यपालिका सदस्य | माया |
| २० | श्री शशि राई | प्रमुख प्रशासकीय अधिकृत | |

अन्य उपस्थिति !

१. उपसचिव श्री कृष्णराज राई
२. अधिकृत आठौं श्री चेतनाथ गौतम
३. सहायकस्तर पाँचौं श्री राधे सुबेदी
४. स्वकीय सचिव श्री प्रह्लाद खड्का
५ भानुभक्त राई इन्जिनियर
६. चन्द्र विश्वकर्मा का.स.

मितिः२०८३।०२।१२ गते कार्यपालिका निर्णय

| निर्णय नं. | प्रस्ताव/ विषय | निर्णय |
|---|---|---|
| १ | अघिल्लो ८२ औ बैठकको समिक्षा सम्वन्धमा | अघिल्लो कार्यपालिकाको निर्णय कार्यान्वयनको सम्बन्धमा आवश्यक छलफल गर्दा निर्णयहरू कार्यान्वयनमा गएकोले प्रभावकारी बनाउन नियमित समन्वय र सहजीकरण गर्ने |
| २ | अन्तरधार्मिक शान्ति पार्क सम्बन्धमा। | लेटाङ नगरपालिका वडा नं १ मा अवस्थित नगर गौरवको योजना अन्तरधार्मिक शान्ति पार्क मितिः२०८३।०१।१४ गते निर्माण सम्पन्न भएको भनी निर्माण व्यवसायीबाट प्रोत्साहन रकम माग भई आएकोले बोलपत्र सम्बन्धी कागजातको GCC 56.1 मा निर्माण सम्पन्न समय अगावै निर्माण सम्पन्न गरेमा प्रोत्साहन दिन सकिने व्यवस्था भए अनुसार निज व्यवसायीले २०८३ कात्तिक मसान्त सम्म सम्पन्न गर्नुपर्ने काम समय अगावै सम्पन्न गरेकोले सम्झौता रकमको ५% मा नबढ्ने गरी प्रोत्साहन रकम प्रदान गर्ने। |
| ३ | विषेश नगरसभा सम्बन्धमा। | लेटाङ नगरपालिकाको आ.व.२०८२।८३ मा पूर्वाधार निर्माणको कार्यलाई प्राथमिकताका साथ अगाडी बढाउने कार्य नगरपालिका मार्फत गरिरहेको परिपेक्षमा बजेट विनियोजनको अभाव भई गरिरहेको कामको समेत भुक्तानी प्रदान गर्न नसकीएको हुँदा देहायको मिति समय र स्थानमा संलग्न अनुसूची बमोजिमको निर्णायार्थ बिषेश नगर सभामा राखे।<br><u>देहायः</u><br>मितिः२०८३।०२।१३ गते<br>समयः दिउँसो ४ बजे<br>स्थानः लेटाङ नगरपालिकाको सभाहल |
| ४ | IEE पुनरावलोकन सम्बन्धमा। | इन्भाइरोमेन्ट कन्सल्टेन्सी सेन्टरले पेश गरेको चिसाङ खोला विपद्जन्य क्षेत्रको IEE पुनरावलोकन भई प्राप्त भएको प्रतिवेदन स्विकृत गर्ने। |
| ५ | विपद् व्यवस्थापन सम्बन्धमा। | मितिः२०८१ साल अशोज १३ गते लेटाङ नगरपालिका नगरस्तरिय स्थानीय विपद् व्यवस्थापन समितिको निर्णय र लेटाङ नगरपालिकाको सिफारिस बमोजिम जिल्ला विपद् व्यवस्थापन समितिको मितिः२०८३।०१।२५ गतेको निर्णय नं. ५ मार्फत चिसाङ खोलाको जोखिमयुक्त क्षेत्रबाट स्वीकृत IEE को आधारमा नदिजन्य पदार्थको उत्खनन तथा व्यवस्थापन गर्नका लागि अनुमति प्राप्त भएको।<br>साथै उक्त कार्यका लागि लेटाङ नगरपालिकाको स्थानीय विपद् व्यवस्थापन समितिको मिति २०८३।०२।१२ गतेको निर्णयले पुनश्च उक्त चिसाङ खोलाको जोखिमयुक्त क्षेत्रको नदिजन्य पदार्थ उत्खननका लागि सिफारिस गरेको हुँदा पुनरावलोकन भएको स्वीकृत IEE बमोजिम विपद् व्यवस्थापनका लागि उत्खनन गर्नुपर्ने देखिएको ७६४०० घनमिटर नदिजन्य पदार्थको उत्खनन् तथा व्यवस्थापन गर्ने। |

मिति २०८२।०२।१२ गते कार्यपालिका निर्णय

| | | |
|---|---|---|
| ६ | विपद्‌जन्य नदिजन्य पदार्थको व्यवस्थापन सम्बन्धमा। | विगत लामो समय देखि नेपाल सरकार पूर्वाधार विकास मन्त्रालय अन्तर्गत सासेक राजमार्ग सुधार आयोजना कोकिलविडा लौकही सडक (पश्चिम खण्ड) बाट पटक पटक गरी विभिन्न समयमा आयोजना निर्माणका लागि आवश्यक नदिजन्य पदार्थ उपलब्ध गराईदिनुहुन भनी माग पत्र प्राप्त भएको छ। साथै लेटाङ नगरपालिकाको चिसाङ खोलामा विपद्‌जन्य नदिजन्य पदार्थको व्यवस्थापन सम्बन्धमा निर्णय भई आएको ७६५०० घनमिटर नदिजन्य पदार्थलाई राष्ट्रिय राजमार्ग निर्माण प्रयोजनका लागि उपलब्ध गराउने। |
| ७ | छात्रावृती सम्बन्धमा। | १.लेटाङ नगरपालिका वडा नं ९ को कार्यालयबाट १५ जनाको नाम सहित श्री आ.वि. लेटाङ ९ जाँते मोरङमा लेटाङ नगरपालिका वडा नं ९ को बजेट शिर्षकबाट विनियोजन भएको रू१२५०००/- विद्यालयको खातामा भुक्तानी प्रदान गर्ने।<br>२.लेटाङ नगरपालिका वडा नं ३ को कार्यालयबाट २० जना विद्यार्थीहरूलाई ३००० का दरले श्री कृष्ण प्राथमिक विद्यालयलाई रू६०,०००/- वडाको विनियोजन श्रोतबाट भुक्तानी प्रदान गर्ने।<br>३.लेटाङ नगरपालिकामा छात्रावृती पाउँ भन्ने निवेदन प्राप्त भएकाले देहायको विद्यार्थीहरूलाई छात्रावृती प्रदान गर्ने। (नगरस्तरिय जेहेन्दार तथा विपन्न नागरिक छात्रावृती कार्यक्रम) देहाय: |

| क.सं. | नाम थर | ठेगाना | कक्षा | रकम |
|---|---|---|---|---|
| १ | गरिमा श्रेष्ठ | लेटाङ २ | बि.बि.एस दोश्रो बर्ष | ८००० |
| २ | तिला आचार्य | लेटाङ २ | कक्षा १२ | ५००० |
| ३ | विद्यामाया श्रेष्ठ | लेटाङ ३ | बि.बि.एस प्रथम बर्ष | ८००० |
| ४ | अनिष लावती | लेटाङ ८ | बिई सिभिल ७ औं सेम | ८००० |
| ५ | सुरेश राई | लेटाङ ७ | बिएड सेकेन्ड year | ८००० |
| ६ | मनिका राई | लेटाङ ७ | बिएड third year | ८००० |
| ७ | सुजनविक्रम लावती | लेटाङ ६ | BICT 1st sem | ८००० |
| ८ | उपासना रिजाल | लेटाङ ३ | बि.बि.एस चौथो बर्ष | ८००० |
| ९ | सृष्टि निरौला | लेटाङ ९ | बि.बि.एस प्रथम बर्ष | ८००० |
| १० | उषा लिम्बु | लेटाङ ३ | बि.बि.एस प्रथम बर्ष | ८००० |
| ११ | रश्मी मगर | लेटाङ १ | शिक्षा संकाय दोश्रो बर्ष | ८००० |
| १२ | समिक्षा लिम्बु | लेटाङ १ | शिक्षा संकाय प्रथम बर्ष | ८००० |
| १३ | भुमिका मगर | लेटाङ १ | बिएड 2nd | ८००० |

| | | |
|---|---|---|
| ८ | असाधारण बिदा सम्बन्धमा। | लेटाङ नगरपालिका अधिकृतस्तर आठौं (जनस्वास्थ्य अधिकृत) पदमा कार्यरत श्री इन्द्रप्रसाद अर्याल (कर्मचारी संकेत नं१५३५७७) को मिति२०८३।११।०१ गते देखि २०८४।१०।३० गते सम्मको (एक बर्षका लागि) व्यक्तिगत कारण सहित पेश भई आएको असाधारण बिदा स्विकृत गर्ने। |

मितिः२०८३।०२।१२ गते कार्यपालिका निर्णय

| | | |
|---|---|---|
| ९ | स्थानीय आर्थिक गणना समिति गठन सम्बन्धमा। | लेटाङ नगरपालिकामा स्थानीय आर्थिक गणनाका लागि देहायको समिति गठन गर्ने।<br>भुपेन्द्रकुमार लावती – संयोजक<br>कृष्णकुमारी निरौला – सदस्य<br>इलाका प्रहरी कार्यालय लेटाङ प्रमुख वा प्रतिनिधि – सदस्य<br>नेत्र निरौला – सदस्य<br>नगेन्द्र घिमिरे – सदस्य<br>सुदेश वस्ती - सदस्य<br>प्रमुख प्रशासकीय अधिकृत – सदस्य सचिव |
| १० | रासन भत्ता सम्बन्धमा। | लेटाङ नगरपालिका सव वाहन चालक श्री कुमार भुजेलले अन्य चालक जस्तै २४ सै घण्टा सेवा प्रवाह गर्ने डिउटी रहेता पनी रासन भत्ता नपाएकोले उपलब्ध गरिपाउँ भनी निवेदन दिएको हुँदा निजलाई अन्य रासन भत्ता पाउने कर्मचारी सो सरह जेष्ठ महिना देखि लागु हुने गरी रासन भत्ता उपलब्ध गराउने। |
| ११ | घ वर्गको निर्माण इजाजत पत्र सम्बन्धमा। | लेटाङ नगरपालिकामा "घ" बर्गको निर्माण इजाजतका लागि प्राप्त निवेदनहरूमा लेटाङ नगरपालिका "घ" वर्गको निर्माण व्यवसायीको योग्यता जाँचबुझ समितिको सिफारिस बमोजिम देहायको निर्माण व्यवसायीलाई "घ" बर्गको निर्माण इजाजत प्रदान गर्ने।<br>देहायः<br>१. खोटाङ राई निर्माण तथा कन्सट्रक्सन सेवा, लेटाङ - ५<br>२. एन. एन. ब्रदर्श कन्सट्रक्सन प्रा.ली.- लेटाङ – ८ |
| १२ | तारजाली सम्बन्धमा। | लेटाङ नगरपालिकामा तारजाली अभाव भएको साथै निर्माण कामका लागि तारजाली अति आवश्यक भएको साथै विपद्को समय आएको हुँदा तारजाली खरिदका लागि रू१०,००,०००/- बजेट बिनियोजन गर्ने। (श्रोतः विपद् व्यवस्थापन कोष) |
| १३ | विपन्न नागरिक आवास निर्माण सम्बन्धमा। | १.लेटाङ नगरपालिका वडा नं ७ मा अवस्थित श्री रन्जु वि.क. को आर्थिक अवस्था कमजोर भई दयनीय अवस्थामा रहेको हुँदा उक्त नागरिकहरूलाई आवास निर्माण गरिदिन अति आवश्यक भएको हुँदा आवास निर्माणका लागि रू१,६०,०००/- बजेट बिनियोजन गर्ने। (श्रोतः विपन्न नागरिक आवास निर्माण)<br>२.लेटाङ नगरपालिका वडा नं ८ मा बसोबास गर्ने श्री गिता विश्वकर्माको आर्थिक अवस्था नाजुक भई नगरपालिकामा जस्तापाता माग भई आएकाले निजलाई रू४००००/- बजेट बिनियोजन गर्ने। (श्रोतः विपन्न नागरिक आवास निर्माण)<br>३.लेटाङ नगरपालिका वडा नं ७ को कार्यालयको सिफारिस बमोजिम देहायको व्यक्तिहरूको आर्थिक अवस्था कमजोर भएको हुँदा निजहरूलाई विपन्न नागरिक आवास कार्यक्रम अन्तर्गत जस्तापाता प्रदान गर्ने।<br>१.धनबहादुर लिम्बु – २ बण्डल<br>२.दलबहादुर लिम्बु – २ बण्डल |
| १४ | बजेट बिनियोजन सम्बन्धमा। | लेटाङ नगरपालिका वडा नं.-७ श्री महेन्द्र मा.वि. खेलमैदान स्तरउनन्तीका लागि रू१,००,०००/- बजेट बिनियोजन गर्ने। (श्रोतः खेलमैदान स्तरउन्नती) |